नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
बाँके

फोन नं. : ०८१-५३७७६१
इमेल:pmamp.piu.banke@gmail.com

# कार्यक्रम माग गर्ने बारेको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/१६ )

सूचना नं. ३

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, बाँकेको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार धान जोन क्षेत्रमा (बैजनाथ गाउँपालिका वडा नं. २, ३, ४, ७, र ८ जानकी गाउँपालिका १, २, ३ र ४ तथा खजुरा गाउँपालिका २ र ४ ) तपशिल बमोजिमका अनुदान कार्यक्रमहरू संचालन हुने हुँदा यस एकाईमा सूचिकृत हुनु भएका इच्छुक कृषि सहकारी/कृषक समुह/जल उपभोक्ता समिति/निजि फर्महरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७९/०५/१४) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | संचालन हुने कार्यक्रम | लक्ष्य | अनुदान | प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजात र ध्यान दिनु पर्ने कुराहरू | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन | १ पटक | ७५ प्रतिशत वा बढिमा १० लाख | ✓ कार्यक्रम संचालन गर्न सकिने व्यवसायिक क्षेत्रहरू : तरकारी खेती, माछा पालन, कुखुरा पालन, बाख्रा पालन, च्याउ खेती, हाँस पालन, मौरी पालन, अन्न बाली, नर्सरी, कृषि, पशुपन्छी तथा मत्स्यका आधारभूत प्रयोगशाला सेवा, स्थान विशेषका अन्य बाली/वस्तु ।<br>✓ कम्तिमा २५ प्रतिशत लगानी गर्ने शिक्षालयको प्रतिबद्धता ।<br>✓ व्यवसायिक कृषि उत्पादनको लागि जग्गाको न्युनतम क्षेत्रफल उपलब्ध भएको ।<br>✓ जग्गा आफनै स्वामित्व भएको वा कम्तिमा ५ वर्षको करार सम्झौता भएको ।<br>✓ विधार्थीको प्रतिबद्धता र सहभागी हुने विधार्थी संख्या<br>✓ उत्पादन विक्रि योजना र विधार्थीहरू विच प्रतिफल वितरण योजना | ✓ जिल्लाभरि |
| २. | चक्लाबन्दिमा पकेट/ब्लक/जोन संचालनका लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | ४ | ५० प्रशित वा बढिमा १० लाख प्रति चक्लाबन्दी | ✓ इच्छुक समुह/सहकारी/निजि फर्मले कार्यालयमा सम्पर्क गरी प्रस्ताव पेश गर्न सक्ने | ✓ जिल्लाभरि |

| क्र.सं. | संचालन हुने कार्यक्रम | लक्ष्य | अनुदान | प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजात र ध्यान दिनु पर्ने कुराहरू | कार्यक्रम संचालन हुने क्षेत्र |
|---|---|---|---|---|---|
| ३. | अनुदानमा पोष्टहार्भेष्ट सामाग्री वितरण | ११ | लागतको बढिमा ५० प्रतिशत | ✓ निवेदन साथ पोष्ट हार्भेष्ट क्षति न्युनिकरण गर्ने स्किम सहितको प्रस्ताव संलग्न गर्नू पर्ने । | ✓ धान जोन क्षेत्र भित्र |
| ४. | कृषि यान्त्रिकरण सहयोग | १७ | लागतको बढिमा ५० प्रतिशत | ✓ स्प्रेयर, धान गोडने मेशिन, थ्रेसर, पावर टिलर, च्याफ कटर , रोटाभेटर, कल्टिभेटर , हैरो , लेवलर , ड्रम सिडर आदि को सेटमा माग गर्नुपर्ने छ । | ✓ धान जोन क्षेत्र भित्र |
| ५. | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | ३९ | कार्यक्रमको माग प्रकृति अनुसार | ✓ सिंचाइको प्रकारः मोटर, बोरिङ्ग, पम्पसेट, पाइप, सिंचाई पुर्वाधार निर्माण तथा मर्मत आदि । | ✓ धान जोन क्षेत्र भित्र |
| ६. | कष्टम हायरि सेन्टर स्थापना | ५ | ५० प्रशित वा बढिमा १० लाख प्रति कष्टम हायरिङ्ग | ✓ ट्रायाक्टर , ट्राली , थ्रेसर , रिपर , पावर टिलर , मिनि टिलर, रोटाभेटर , कल्टिभेटर , लेवलर , धान गोड्ने मेशिन | ✓ धान जोन क्षेत्र भित्र |
| ७. | व्यवसायिक विजबृद्धि कार्यक्रम सहयोग | ३० हे. | प्रति हेक्टर वढीमा रू. १५,०००। | ✓ | ✓ धान जोन क्षेत्र भित्र |
| ८. | जोन प्रभाव क्षेत्रमा मसिना धानको क्षेत्रफल विस्तार | ९६ हे. | प्रति हेक्टर वढीमा रू. १२,५००। | ✓ | ✓ धान जोन क्षेत्र भित्र |

नोट : १. पहिला सूचिकृत नभएका कृषक समुह ⁄ सहकारी ⁄ उद्यमीहरूले सूचिकृतको लागि पनि निवेदन पेश गर्नु पर्नेछ ।

२. कृषक समुह, कृषक सहकारी उद्यमीलाई यस कार्यक्रममा सहकार्यको लागि चयन गर्दा परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार गरिनेछ ।

## प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू

१. रू १० को टिकट टाँस गरेको कार्यक्रम माग निवेदन

२. कार्यालयबाट उपलब्ध हुने प्रस्ताव माग फारम

३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी

४. समुह ⁄ संस्थाको निर्णय प्रतिलिपी

५. स्थाई लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी

६. कार्यक्रम संचालन हुने जग्गाको धनिपुर्जाको प्रतिलिपी व ५ वर्ष करारनामा

७. समुह ⁄ सहकारीको धान खेती सम्बन्धि आधारभुत तथ्यांक

८. सहकारीको, उद्यमीको हकमा अडिट प्रतिवेदन प्रतिलिपि ।

९. सम्बन्धित गाउँपालिका ⁄ नगरपालिकाको सिफारिस

१०. अन्य निकायबाट सोही प्रकृतिको कार्यका लागि लाभान्वित नभएको प्रतिवद्धता

<u>विस्तृत जानकारी :</u>

कृ. अ. गणेश प्रसाद यादव – ९८५८०३४४३९, ना.प्रा.स. श्री धन सिंह बुढा – ९८६८९६४०८०

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकीकरण"

## प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू

१. रू १० को टिकट टाँस गरेको कार्यक्रम माग निवेदन

२. कार्यक्रम प्रस्तावना विवरण लगत इस्टिमेट सहित

३. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी

४. समुह/संस्थाको निर्णय प्रतिलिपी

५. स्थाई लेखा नम्बर (PAN) दर्ताको प्रतिलिपी

६. निर्माण कार्य गर्ने जग्गा धनिपुर्जाको प्रतिलिपी

७. समुह/सहकारीको मकै खेती सम्बन्धि आधारभुत तथ्यांक

८. सहकारीको, उद्यमीको हकमा अडिट प्रतिवेदन प्रतिलिपि ।

९. सम्बन्धित गाउँपालिका/नगरपालिकाको सिफारिस

विस्तृत जानकारी :

कृ.अ. श्री गणेश प्रसाद यादव. –९८५८०३४४४९

ना.प्रा.स. श्री धन सिंह बुढा – ९८६८९६४०८०

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
बाँके

फोन नं. : ०८१-५२७७६१
इमेल:pmamp.piu.banke@gmail.com

## कार्यक्रम माग गर्ने बारेको सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/१६ )

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, बाँकेको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मकै जोन क्षेत्रमा (नेपालगंज उपमहानगरपालिका १३, १४, १५, १६, २१, २२, २३ र डुडुवा गाउँपालिका १, २, ३ र ६ ) तपशिल बमोजिमका अनुदान कार्यक्रमहरू संचालन हुने हुँदा यस एकाईमा सूचिकृत हुनु भएका इच्छुक कृषि सहकारी/कृषक समुह/जल उपभोक्ता समिति/निजि फर्महरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७९/०५/१४) भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | संचालन हुने कार्यक्रम | लक्ष्य | अनुदान | प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजात र ध्यान दिनु पर्ने कुराहरू |
|---|---|---|---|---|
| १. | चक्लाबन्दिमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग | २ | ५०% वा बढिमा १० लाख प्रति चक्लाबन्दी | ✓ हिउँदे र बसन्ते मकै बाली<br>✓ समुह/सहकारीको कम्तिमा १०हे. क्षेत्रफलमा मकै लगाउनु पर्ने ।<br>✓ निजि फर्मको कम्तिमा १० हे. क्षेत्रफलमा मकै लगाउनु पर्ने ।<br>✓ उपलब्ध हुने सुविधाहरू : कृषि पूर्वाधार निर्माण, बीउ, विषादी, शुक्ष्म तत्व, कृषि औजार आदिमा<br>✓ जग्गा धनिपुर्जाको प्रतिलिपि वा १० वर्षको जग्गा भाडा करार सम्झौता भएको ।<br>✓ जोन क्षेत्र भित्र प्रस्ताव पर्न नआएको खण्डमा जिल्ला भरीको अन्य कृषि सहकारी/कृषक समुह/जल उपभोक्ता समिति/निजि फर्मले प्रस्ताव पेश गर्न |
| २. | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार | १० | कार्यक्रमको माग प्रकृति अनुसार | ✓ सिंचाइको प्रकारः मोटर, बोरिङ्ग, पम्पसेट, सिंचाई पुर्वाधार निर्माण तथा मर्मत आदि<br>✓ जग्गा धनि पुर्जा । |
| ३. | बसन्ते मकै क्षेत्र विस्तार | ५० हे. | ५०% वा प्रति हे. बढिमा १० हजार | ✓ सम्बन्धित सहकारी समुहहरूले आफ्ना सदस्य कृषकहरूबाट बसन्ते मकैको क्षेत्र विस्तार गर्न सक्ने तथ्याँक संकलन गरी कृषकको नाम र क्षेत्रफल एकिन गरी एकमुष्ठ निवेदन पेश गर्नु पर्ने ।<br>✓ यस क्षेत्रका लागि सिफारिस भएको उन्मोचित/पञ्जिकृत उन्नत वा हाइब्रिड जातका मकैलाई मात्र अनुदान दिइने छ । |

नोट : कृषक समुह, कृषक सहकारी उद्यमीलाई यस कार्यक्रममा सहकार्यको लागि चयन गर्दा परियोजना कार्यान्वयन म्यानुअल २०७७ अनुसार गरिनेछ ।

फोन नं. : ०८१-५३७७६१
इमेल:pmamp.piu.banke@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
बाँके

प.सं.:२०७९/०८०
च. नं.:

## परियोजना कार्यान्वयन एकाई बाँकेको ( मकै जोन र धान जोन) सूचिकृत सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०४/१६ )

सूचना नं.०१-२०७९/०८०

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, बाँकेको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार जोन विकास कार्यक्रमहरू संचालन तथा कार्यान्वयनको लागि **परियोजना कार्यान्वयन म्यानुअल २०७७** मा ब्यावस्था भए बमोजिम मकै जोन र धान जोनको कार्यक्षेत्र भित्र क्रियाशिल रहेका सूचिकृत हुन इच्छुक कानुन बमोजिम दर्ता नविकरण भएका कृषक समुह/ कृषि सहकारी संस्था/ कृषि फार्म /जल तथा वन उपभोक्ता समितिले परियोजना कार्यान्वयन एकाईले तय गरेको निर्धारित आवेदन ढाँचामा आवश्यक कागजातहरू सहित सूचिकृतका लागि परियोजना कार्यान्वयन एकाई बाँकेको कार्यालयमा सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र ( वि. सं.२०७९ /०५/१४ गते ) आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकरीका लागि यो सूचना प्रकाशित गरियको छ।

कार्यक्षेत्र

| क्र. सं. | जोन | कार्यक्षेत्र | | कैफियत |
|---|---|---|---|---|
| | | स्थानिय तहको नाम | वडाहरू | |
| १ | मकै जोन | डुडुवा गाउँपालिका | १ , २, ३, र ६ | |
| | | नेपालगंज उप-महानगरपालिका | १३, १४, १५, १६, २१, २२ र २३ | |
| २ | धान जोन | खजुरा गाउँपालिका | २ र ४ | |
| | | जानकी गाउँपालिका | १, २, ३ र ४ | |
| | | बैजनाथ गाउँपालिका | २, ३, ४, ७ र ८ | |

### सूचिकृत हुन पेश गर्नुपर्ने कागजातहरू

१. रू १० को हुलाक टिकट सहितको निर्धारित ढाँचाको आवेदन फारम   २. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि

३. कृषक समुह/सहकारी/संस्था/समिति र उद्यमी कृषकको संस्था/उद्यम दर्ता, नविकरण, स्थायी लेखा नम्बर र कर चुक्तको प्रमाणपत्रको प्रतिलिपि

४. कृषक समुह/सहकारी/संस्था/समिति र उद्यमी कृषकको बैठकको निर्णयको प्रतिलिपि

५. सूचिकृत हुन चाहने कृषकहरूको मकै/ धान खेती गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि ( जग्गा भाडामा लिएको भए कम्तिमा ५ वर्षको करारनामा)

७. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

**विस्तृत जानकारी :** प. का. ए. बाँके – ९८६८९६४०८० , ९८५८०३०७६२ फोन नं. ०८१-५३७७६१

.........................
राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत